# भुजुङ्ग हाइड्रोपावर लिमिटेड

टोखा न.पा.-१०, सामाखुशी, काठमाण्डौको

## चौथो वार्षिक साधारण सभा (आ.व.२०८१/८२) को विवरण (माइन्यूट)

१. सभाको सञ्चालनः

आज मिति २०८३ साल जेठ महिना २७ गते बुधबारका दिन बिहान ११:०० बजेका लागि बोलाइएको यस भुजुङ्ग हाइड्रोपावर लिमिटेडको, लिमिटेड भएपश्चात् को चौथो सर्वसाधारण शेयर निष्काशन भएपछिको पहिलो साधारण सभा कम्पनी ऐन, २०६३ र कम्पनीको स्वीकृत प्रबन्ध पत्र तथा नियमावली वमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्ने प्रावधान भएकोमा अध्यक्षज्यूको स्वास्थ्य प्रतिकुलताका कारण उपस्थित हुन नसक्ने व्यहोराको पत्र प्राप्त भएको सभामा जानकारी गराइएको र उक्त साधारण सभामा उपस्थित शेयरधनीहरुले सभाको अध्यक्षता गर्न र समग्र सभाको नेतृत्व गर्न समेतका लागि सञ्चालकहरु मध्ये बाट प्रबन्ध सञ्चालक, श्री माधव राज आचार्यज्यूलाई जिम्मेवारी दिइ सभा अध्यक्ष मनोनित गरेको हुँदा श्री माधव राज आचार्यको सभापतित्वमा देहाय वमोजिम सभा सञ्चालन भयो ।

२. साधारण सभा भएको मिति, समय र स्थानः

२.१ मितिः २०८३ जेठ २७ गते बुधवार (तदनुसार १० जुन, २०२६)

२.२ समयः बिहान ११ : ०० बजे

२.३ स्थानः आम्रपाली बैंक्वेट क्याटरिङ्ग एण्ड इभेन्ट प्रा.लि. वालुवाटार रोड, काठमाण्डौ।

३. सभा सम्बन्धी सूचना र प्रकाशनः

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को कानूनी व्यवस्था वमोजिम प्रस्तुत वार्षिक साधारण सभामा छलफल गरिने विषय सहितको सूचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०२/०४ गते प्रथम पटक र मिति २०८३/०२/०६ गते दोश्रो पटक सूचना प्रकाशित गरि साधारण सभा सम्बन्धी सम्पूर्ण शेयरधनिहरुलाई जानकारि गराईएको थियो। साधारण सभा सम्बन्धि सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचना पाटी तथा कम्पनीको वेबसाईट **https:bhujunghydro.com** मा पनि राखिएको थियो।

४. उपस्थितिः

४.१ सञ्चालकहरुको उपस्थितिः

| सि.नं. | सञ्चालकहरुको नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | डा. खगेन्द्र प्रसाद ओझा | अध्यक्ष | स्वास्थ्य प्रतिकुलताका कारण उपस्थित हुन नसकेको |
| २ | श्री माधव राज आचार्य | प्रबन्ध सञ्चालक | भएको |
| ३ | श्रीमती अनु खनाल | सञ्चालक | भएको |
| ४ | श्री विवेक रावल | सञ्चालक | भएको |
| ५ | डा. हिमाल भट्टराई | सञ्चालक | भएको |
| ६ | श्री ढुण्डी राज ज्ञवाली | स्वतन्त्र सञ्चालक | व्यक्तिगत कारणले उपस्थित हुन नसकेको। |

Bhujung

४.२ अन्य पदाधिकारीहरु तथा कर्मचारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | सि.ए. नारायण प्रसाद पौडेल | वित्तिय परामर्शदाता |
| २. | श्री बिनम ज्ञवाली | कम्पनी सचिव |
| ३. | अधिवक्ता चक्र वहादुर थापा | कानूनी परामर्शदाता |
| ४. | अधिवक्ता बिपिन कोईराला | निर्वाचन अधिकृत |
| ५. | श्री कमल बहादुर बोहरा | प्रशासकीय अधिकृत |

४.३ विभिन्न निकायका प्रतिनिधिहरुः

१. श्री यादव बहादुर चौलागाई कुमारी क्यापिटल लिमिटेड

५. अभिवादन तथा स्वागत मन्तव्यः

कार्यक्रम अघि बढाउने क्रममा यस कम्पनीका सञ्चालक, डा. हिमाल भट्टराईज्यूले यस साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत उपस्थित सबै लाई स्वागत अभिवादन गर्दै कम्पनीको स्थापना कालदेखि हाल सम्म भएका कम्पनीको काम, कारवाही तथा कम्पनीको भावी योजनाका साथै कम्पनीको प्रगति, चुनौती र समाधानका उपायहरुका सम्बन्धमा छोटकरीमा प्रकाश पार्दै चौथो वार्षिक साधारण सभाको सफलताको लागि देखाउनु भएको अभिरुचि सराहनीय भएको भन्दै स्वागत मन्तव्य दिनु भएको थियो ।

६. सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः

| विवरण | जम्मा शेयर संख्या | आफै उपस्थित संख्या (क) | प्रतिनिधी वा प्रोक्सी मार्फत उपस्थिती संख्या (ख) | जम्मा उपस्थिती संख्या क र ख | उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा शेयर प्रति शेयर रु.१०० का दरले | १,००,००,००० | २३,९७,०१२ | २७,२७,९८८ | ५१,२५,००० | ५१.२५% |
| शेयरधनी संख्या | ६२,३८१ | १५७ | ३८७ | ५४४ | |

७. सभाको बैधानिकताः

कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा रितपूर्वक सञ्चालन गरिने घोषणा गरियो। कम्पनीको सभा अध्यक्षज्यूको अनुमतिले सभाको प्रारम्भ गरियो। सभामा निर्णायार्थ प्रस्तुत गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन र वार्षिक आर्थिक विवरण लगायत छलफल तथा निर्णयार्थका लागि सूचनामा उल्लेखित एजेण्डाहरु उपस्थित सम्पूर्ण शेयरधनिहरु समक्ष वितरण गरिएको थियो। चौथो बार्षिक साधारण सभाका सभाध्यक्ष श्री माधव राज आचार्यज्यूले मंगल धुनका साथ सभाको समुद्घाटन पानसमा बत्ति बालेर गर्नु भयो। राष्ट्रियता र राष्ट्रको सम्मानको लागि राष्ट्रिय गान बजाइ साधारण सभाको प्रारम्भ गरियो। चौथो बार्षिक साधारण सभामा निर्णायार्थ प्रस्तुत देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णय गरियो।

८. सभामा प्रस्तुत छलफलका विषयहरुः

८.१ साधारण प्रस्तावहरुः

Bhujung Hydropower

(क) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(ख) लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ अषाढ मसान्तको वासलात र मिति २०८१ श्रावण महिना देखि २०८२ असार मसान्त सम्मको नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगाएतका वित्तिय विवरणहरु माथि छलफल गरि पारित गर्ने सम्बन्धमा। ।

(ग) आर्थिक वर्ष २०८२/८३ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(घ) कम्पनीको संस्थापक शेयरधनी समूहबाट ५ (पाँच) जना र सर्वसाधारण शेयरधनि समूहको १(एक) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा।

(ङ) आर्थिक बर्ष २०८१/०८२ मा सञ्चालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने सम्बन्धमा।

(च) संस्थागत सुसासन सम्वन्धि प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा।

(छ) सञ्चालक समितिबाट भएको प्रमुख कार्यकारी अधिकृत, स्वतन्त्र सञ्चालक र कम्पनी सचिवको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

(ज) विविध ।

८.२ विशेष प्रस्तावहरुः

(क) कम्पनीको प्रवन्धपत्रको दफा ६ र नियमावलीको नियम २७, २८ र २९ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

(ख) सञ्चालक समितिको अध्यक्ष, सदस्य तथा कम्पनी सचिव र आमन्त्रित विज्ञ सदस्यहरुको बैठक भत्ता र सञ्चालक समितिको दैनिक भ्रमण भत्ता रकममा थप गर्ने सम्बन्धमा।

(ग) माथिको प्रस्ताव कार्यान्वयनको सन्दर्भमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोहि बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

८.३ विविधः

(क) यस कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा।

९. <u>सभामा प्रस्तुत जिज्ञासा एवं सुझावहरुः</u>

कम्पनीको सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूको अनुमतीले कम्पनी सचिवद्धारा प्रस्तुत गरिने वार्षिक प्रतिवेदन र वार्षिक वित्तिय विवरणको प्रस्तुति पश्चात उक्त प्रतिवेदनका सम्बन्धमा आफ्ना जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गर्न शेयरधनि महानुभावहरुलाई कम्पनी सचिव विनम ज्ञवालीद्धारा अनुरोध गरियो। निम्न शेयरधनिज्यूहरुले आ-आफ्नो जिज्ञासा, सुझावहरु तथा साधारण सभाको सफलता र प्रगतिका लागि शुभकामना व्यक्त गर्नु भयो।

(क)शेयरधनी श्री जगन्नाथ आचार्यः

- कम्पनीलाई शुभकामना दिदै शेयरधनीहरुलाई डिभिडेन्ड वितरण गर्ने तर्फ ध्यानकर्षण गराउनु भयो।

Bhujung Hydropower

- सञ्चालक समितिले पाउने बैठकभत्ता यथावत भन्दा पनि समयनाकुल नै हुनुपर्दछ, भन्ने सुझाव प्राप्त भयो।
- साधारण सभा सकेसम्म समयमै गर्न तर्फ ध्यानकर्षण गराउनु भयो।

(ख)शेयरधनी श्री भेषराज भण्डारी

- कम्पनीलाई शुभकामना दिदै आउदा आर्थिक बर्षहरुमा कम्पनीका सुचकहरु राम्रो बनाउन तर्फ ध्यान आकर्षण गराउनुभयो।
- खर्चहरुको मितव्यईता सम्बन्धमा सुझाव सल्लाहहरु दिनुभयो।

(ग) शेयरधनी श्री सुदिप श्रेष्ठः

- कम्पनीलाई शुभकामना दिदै आउदा दिनमा कम्पनीको साधारण सभा समयमा नै सम्पन्न गर्नका लागि सुझाव व्यक्त गर्नुभयो।

(घ) शेयरधनी श्री गोविन्द बहादुर के.सी.

- कम्पनीलाई शुभकामना दिदै कम्पनीको वित्तिय सुधारमा, corporate Governance को बारेमा, Holding Company वनाउने बिषयमा ध्यानकर्षण गराउनु भएको थियो।

(ङ) शेयरधनी ई. श्री वैजुनाथ रौनियारः

- कम्पनीलाई शुभकामना दिदै आवश्यकता अनुसार Spare Parts हरु राख्न सल्लाह सुझाव दिनुभयो।
- बैंकको व्याजदर धेरै भएको हुनाले ब्याजदर घटाउनको लागी सम्बन्धित बैङ्कहरुलाई विशेष पहल गर्नको लागी सुझाव दिनुभयो।

(च) शेयरधनी श्री सत्रुधन श्रेष्ठः

- कम्पनीलाई शुभकामना दिदै नेपाल सरकार र निजि क्षेत्रहरुसँग प्रभावकारी रुपले आवश्यक सहयोग र समन्वय गर्नुपर्ने विषयमा सल्लाह दिनुभयो।

(छ)ईन्द्र बहादुर लामीछाने

- कम्पनीलाई शुभकामना दिदै वार्षिक प्रतिवेदनको पहिलो पृष्ठमा कम्पनीको सञ्चाकज्यूहरुको नामसहित फोटो र दोश्रो पृष्ठमा कर्मचारिहरुको नामसहित फोटो अनिवार्य राख्न सुझाव दिनुभयो।

(ज)शेयरधनी श्रीमती निरुपमा गुप्ताः

- कम्पनीलाई शुभकामना दिदै कम्पनीको BOOK Value मा सुधार ल्याउनका लागि ध्यान आकर्षण गराउनुभयो।

१०. <u>सभाको छलफलबाट पारित निर्णयहरुः</u>

(क) साधारण प्रस्तावहरुः

१. कम्पनीको सञ्चालक समितिको तर्फवाट अध्यक्षको अनुमतिले कम्पनी सचिवज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन सभामा पारित गरियोस् भनि पेश गर्दा सर्वसम्मतिले पारित भयो।

Bhujung Hydropower

२. आ.व. २०८१/०८२ को लेखापरिक्षकको वार्षिक प्रतिवेदन र सोहि आ.व. को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रभाव विवरण र सोको संलग्न अनुसूची सहितको वार्षिक आर्थिक प्रतिवेदन पारित गरियोस् भनि सभामा पेश हुँदा सर्वसम्मतिले पारित भयो।

३. कम्पनीको आ.व. २०८२/०८३ को लेखापरिक्षण गर्नको लागि कम्पनीको लेखापरिक्षण समितिबाट ३ (तिन) जनाको नाम सिफारिस भएकोमा सबैभन्दा कम पारिश्रमिक पेश गर्ने र अनुभवि सि.ए. S. Bhandari & Associates, का सि.ए. श्री सागर भण्डारीलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक वार्षिक कर वाहेक रु. ३,००,०००/-( अक्षरुपी तिन लाख मात्र) निर्धारण गर्ने निर्णय पारित गरियो।

४. कम्पनीको संस्थापक शेयरधनी समूह (क) को ५(पाँच) जना सञ्चालक र सर्वसाधारण समुह (ख) को १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनी ऐन, सञ्चालक निर्देशिका तथा यस कम्पनीको नियमावली बमोजिम कम्पनीका संस्थापक समुह (क) बाट ५ जना सञ्चालक पदमा र सर्वसाधारण समुह (ख) बाट १ जना सञ्चालक पदमा आवश्यक संख्यामा मात्र उम्मेदवारी परी शेयरधनीहरु संस्थापक समुह (क) बाट क्रमशः श्री माधव राज आचार्य, डा. हिमाल भट्टराई, श्री राजेश्वर दुवाल, श्री टंक प्रसाद सुवेदी तथा श्री सन्तोष श्रेष्ठ र सर्वसाधारण समुह (ख) बाट श्रीमती जेलिना श्रेष्ठ सञ्चालक निर्वाचनमा निर्विरोध निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बिपिन कोईरालाले सभा समक्ष घोषणा गर्नु भयो। साथै निर्वाचित सञ्चालकलाई प्रमाणपत्र वितरण गरी सपथ ग्रहण समेत खुवाई निर्वाचन सम्बन्धी सम्पुर्ण कार्य समाप्त गर्नु भयो। निज निर्वाचित सञ्चालकको कार्यकाल ४ बर्ष रहने निर्णय समेत गरियो।

तपसिलः

| क्र.सं. | नाम र थर | पद तथा समुह | निर्णय |
|---|---|---|---|
| १. | श्री माधव राज आचार्य | सञ्चालक, संस्थापक समुह | निर्विरोध निर्वाचित |
| २. | डा. हिमाल भट्टराई | | |
| ३. | श्री टंक प्रसाद सुवेदी | | |
| ४. | श्री राजेश्वर दुवाल | | |
| ५. | श्री सन्तोष श्रेष्ठ | | |
| ६. | श्रीमती जेलिना श्रेष्ठ | सञ्चालक, सर्वसाधारण समुह | |

५. आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालक समितिवाट भए गरेका निर्णय, काम कारवाहिहरु अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीको हितलाई मध्यनजर गरी गरिएको सम्पुर्ण कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

६. संस्थागत सुसासन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने सम्वन्धमा छलफल गर्दा कम्पनीको सञ्चालक समितिबाट तयार भई स्वीकृत भएको कम्पनीको धितोपत्र संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन आजको यस वार्षिक साधारण सभामा पेश भएकोमा उक्त प्रतिवेदनलाई स्वीकृत गरी पारित गर्ने निर्णय गरियो।

Bhujung

७. सञ्चालक समितिबाट भएको प्रमुख कार्यकारी अधिकृत श्री विवेक रावल, स्वतन्त्र सञ्चालक श्रीमती रिता गौतम र कम्पनी सचिव श्री विनम ज्ञवालिको नियुक्तिलाई अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्दा अनुमोदन गर्ने निर्णय गरियो।

८. विवधः विविधमा कुनै प्रस्ताव नभएको हुँदा निर्णय गर्नु परेन।

**(ख)विशेष प्रस्तावहरुः**

(१) कम्पनीको प्रबन्धपत्रको दफा ६ र नियमावलीको नियम २७, २८ र २९ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीको तपशिल बमोजिम हुने गरी प्रबन्धपत्रको दफा ६ (ग) मा र नियमावलीको नियम २७, २८ र २९ मा संशोधन गर्ने निर्णय गरियो। उक्त निर्णय बमोजिमको संशोधित तिनमहले वनाई प्रस्ताव पेस गरियो। साथै उक्त संशोधित प्रबन्धपत्र र नियमावलीलाई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेखको लागि पठाउने निर्णय समेत गरियो।

तपशिलः

**प्रवन्धपत्रको दफा ६ पूँजीको संरचनाः- कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछ।**

(ग) कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ८०,००,००,००० (असी करोड रुपैयाँ) हुनेछ । साथै संस्थापक शेयरधनिहरुको लकिङ्ग समयावधी (Locking Period) समाप्त भइसकेपश्चात स्वतः साधारण शेयरमा परिणत हुनेछ।

**नियमावलीको नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकालः**

नियम २७ (२) यस कम्पनीमा १ जना महिला सहित ७ जनाको सञ्चालक समिति हुनेछ । जस मध्ये ५ जना संस्थापक समूहबाट, १ जना सर्वसाधारणबाट र १ जना स्वतन्त्र सञ्चालक हुनेछ ।"

**नियमावलीको नियम २८ सञ्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्याः** हाल यथावत कायम राख्ने।

**नियमावलीको नियम २९ स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्थाः** कम्पनीमा १ जना स्वतन्त्र सञ्चालक हुनेछ।

(१) इन्जिनियरीङ मानविकि, व्यवस्थापन विषय लिई स्नातक तह हासिल गरि जलविद्युत आयोजनाको विकाश तथा सम्बन्धित बिषयमा २ वर्ष अध्ययन अनुसन्धान तथा सो क्षेत्रमा जानकार रहेको व्यक्ति कम्पनीको स्वतन्त्र व्यवसायिक बिशेषज्ञ संचालक हुनेछ ।

(२) स्वतन्त्र र व्यवसायिक सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना स्वतन्त्र सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा तीन गुणा बढी योग्य व्यक्तिहरुको नाम स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(३) स्वतन्त्र र व्यवसायिक सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरु मध्येबाट गरिनेछ ।

(४) स्वतन्त्र र व्यवसायिक सञ्चालकको काम, कर्तव्य अन्य संचालक सरह हुनेछ ।

Bhujung Hydropower

(२) कम्पनीको सञ्चालक समितिको अध्यक्ष, सदस्यहरु तथा कम्पनी सचिव र आमन्त्रित विज्ञ सदस्यहरुको बैठक भत्ता र सञ्चालक समितिको दैनिक भ्रमण भत्ता रकममा थप गर्ने सम्बन्धमा छलफल गर्दा हाल तपशसिल बमोजिम साविककै यथावत रुपमा कायम गर्ने निर्णय सभाबाट गरियो।

तपसिलः

<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>बैठक भत्ता (प्रति बैठक)</th><th>दैनिक भ्रमण भत्ता</th><th>अन्य सुबिधा</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>सञ्चालक समितिको अध्यक्ष</td><td>रु.३,०००/-</td><td rowspan="4">यथावत</td><td rowspan="4">यथावत</td><td rowspan="4">प्रचलित नियमअनुसार करकट्टी हुने</td></tr>
<tr><td>२.</td><td>सञ्चालक समितिको सदस्य</td><td rowspan="3">रु.२,०००/-</td></tr>
<tr><td>३.</td><td>आमन्त्रित विज्ञ सदस्य</td></tr>
<tr><td>४.</td><td>कम्पनी सचिव</td></tr>
</table>

(३) कम्पनीको माथि उल्लेखित वार्षिक साधारण सभाको पारित निर्णयमा प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पेश भएकोमा सर्वसम्मत रुपमा पारित गरियो।

(ग) विवधः

(१) यस कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न कम्पनी सचिव विनम ज्ञवाली, सभाबाट मनोनित शेयरधनी ई. श्री वैजुनाथ रौनियार र अध्यक्ष श्री माधव राज आचार्यज्यूलाई अख्तियारी दिने प्रस्तावलाई सर्वसम्मत रुपमा पारित गरियो।

११. <u>धन्यवाद ज्ञापन तथा सभा विसर्जनः</u>

छलफलका निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि अध्यक्षज्यूले कम्पनीको लक्ष्य प्राप्तिको लागि सञ्चालक समिति सधै प्रयत्नशिल रहेको र शेयरधनी महानुभावहरुको सल्लाह तथा सुझाव कम्पनीको लागि मार्गदर्शनको रुपमा रहने कुरा व्यक्त गर्दै चौथो वार्षिक साधारण सभामा सहभागि हुनु भई सभा सुचारु रुपले सञ्चालन गर्न सहयोग गर्नुभएकोमा उपस्थित शेयरधनी महानुभावहरु तथा कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिदै सभा समापन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ..................... | ........................... | ..................... |
| (श्री विनम ज्ञवाली) | (ई. श्री वैजुनाथ रौनियार ) | (श्री माधव राज आचार्य) |
| कम्पनी सचिव | शेयरधनी | अध्यक्ष |